बैठक मितिः २०७७।०७।२१

बैठक संख्याः १२

छलफल तथा निर्णयः

१. कोभिड सम्बन्धी अध्ययन प्रतिवेदनलाई थप परिमार्जन गर्ने ।

२. वैदेशिक रोजगारीमा परेको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदनलाई तथ्याँकलाई दुरूस्त गरी सार्वजनिकीकरण गर्ने ।

विविधः

क. केन्द्रीय तथ्याङ्क विभागवाट सञ्चालित अत्यावश्यक सर्वेक्षणहरू सुरक्षित उपाय अपनाएर अगाडी वढाउने ।

ख. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ को दफा १७ बमोजिम संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाहरूको वर्गिकरण गर्न आगामी बैठकमा सबै पक्षको सहभागिता रहने गरी कार्यदल गठन गर्ने ।

ग. राष्ट्रिय योजना आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूमा कोरोना संक्रमण बढि रहेको सन्दर्भमा कार्तिक महिना सम्मलाई देहायको व्यवस्था गर्नेः

- पदाधिकारीज्यूहरूलाई घरबाटै काम गर्ने वातावरण मिलाउने,
- कर्मचारीहरूको हकमा आलोपालो गरी कार्यालय खुलाउने तथा कर्मचारीहरूलाई घरबाटै कार्य गर्ने वातावरण तयार गर्ने,
- कार्यालयमा बाहिरी व्यक्तिहरूको आवागमनलाई नियन्त्रण गर्न प्रवेशद्वारमा स्वास्थ्य जाँच तथा सहायता कक्ष निरन्तर सञ्चालन गर्ने ।

घ. उत्पादनमूलुक र औद्योगिक पूर्वाधारलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा समावेश गर्ने सम्वन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट औपचारिक अनुरोध प्राप्त भएमा निर्णयको लागि अर्को वैठकमा पेश गर्ने ।